सान्नी त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश,नेपाल
२०७३


पत्र संख्याः-२०८०/०८१ चलानी नं.-९६५१ मितिः-२०८१/०२/२८

नेःस.११४४,बछलाथ्व,४,सोमबार

**विषयः**- बजेट सिमा र बजेट तथा कार्यक्रम तर्जुमा मार्ग दर्शन सम्बन्धमा।

श्री वडा कार्यालय (सबै)
श्री बिषयगत शाखा (सबै)
सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी,कालीकोट।

प्रस्तुत बिषयमा यस सान्नी त्रिवेणी गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८१/०१/०२८ गते बसेको बैंठकबाट पारित आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्ग दर्शन यसै साँथ संलग्न छ। ब्यहोरा उक्त मार्ग दर्शनबाट प्राप्त गर्नु भई आगामी आर्थिक बर्षको लागी बजेट कार्यक्रम तयार गर्न हुन अनुरोध छ।

बोधार्थः
श्री सुचना प्रबिधि शाखाः वेवसाइटमा अपलोड गरि दिन हुन।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत


Website:www.sannitrivenimun.gov.np Email:ito.strm@gmail.com
सम्पर्क नःअध्यक्षः-९८६१९३२९६०,प्रमुख प्रशासकीय अधिकृतः-९८५८३२०१३६,सूचना अधिकारीः-९८४८३७७०७७,

"व्यावसायिक र सिर्जनशील प्रशासनःबिकास ,समृद्धि र सुशासन"

# सान्नी त्रिवेणी गाउँपालिका,आर्थिक बर्ष २०८१/०८२ को वजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने प्रावधान रहेको छ ।अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ। यस सम्द्रर्भमा सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा यो मार्गदर्शन तयार गरिएको छ। यसका लागी नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवम् पन्ध्रौ योजनाका साथै नेपाल सरकार र कर्णाली प्रदेशबाट प्राप्त नीतिगत बिषयबस्तुहरुलाई आधार लिएको छ।

**आर्थिक बर्ष २०८१/०८२ को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका बिषयहरुमा ध्यान दिनुपर्नेछ।**

१.नेपालको संविधान भाग १९ मा प्रत्यक आर्थिक बर्षको राजश्व र ब्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने ब्यवस्था रहेको छ।

२. सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० मा महालेखापरिक्षकको कार्यालयबाट लेखा परिक्षण भई प्राप्त सुझावहरुलाई मध्यनजर गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।

३.आन्तरिक स्रोत,संघ र प्रदेशबाट उपलब्ध गराइएको बजेट सिमा भित्र रहेर कुल बजेट प्रस्ताव गर्ने।

४.क्रमागत वा बहुबर्षिय योजना तथा कार्यक्रमका लागी बजेट प्रस्ताव गर्दा चालु आर्थिक बर्षको भौतिक तथा बित्तीय प्रगतीको समिक्षा गरी क्रमागत योजनालाई प्राथमिकता दिने,अधुरा आयोजनालाई पुरा गर्ने,अनिवार्य दायित्वलाई बजेट छुट्याउने।

५.नेपाल सरकारबाट स्वीकृत राजश्व र खर्चका शिर्षकहरुको अनिबार्य रुपमा प्रयोग गर्ने।

६.गाउँपालिकाका गौरवका योजनाहरु छनौट गर्दा चालु आर्थिक बर्ष २०८०/०८१ मा गाउँ सभाबाट पारित भएका कार्यक्रमहरुको निरन्तरतालाई प्राथमिकतामा राखी वजेट प्रस्ताव तयार गर्ने।

७.कार्यक्रम प्रस्ताव गर्दा बढी भन्दा बढी जनसंख्या लाभान्वित हुने,उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्ने,जनताका जिवनस्तर,आम्दानी र रोजगार बढ्ने,स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने,स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,महिला, बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,दीगो बिकास,बातावरणीय संरक्षण तथा संबर्द्धन गर्न सघाउ पुर्याउने र भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने खालको हुनु पर्ने।

८.सम्भव भए सम्म आगामी आर्थिक बर्ष भित्र पुरा हुने योजनाहरु प्रस्ताव गर्ने।

९.कार्यक्रम प्रस्ताव गर्दा अबण्डा वा एकमुष्ट बजेट प्रस्ताव नगरी बिस्तृत क्रियाकलाप, भौतिक तथा बित्तीय लक्ष्य उल्लेख गर्ने। उसका साथै बार्षिक कार्य योजना र खरिद योजना समेत समावेश गर्ने।

१० अनिबार्य दायित्व (तलव,भत्ता,निबृत्तिभरण,कोष खर्च,बीमा,घरभाडा,सञ्चार महसुल,पानी तथा बिजुली आदी) मा आवश्यक रकम बिनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चका लागि रकम प्रस्ताव गर्ने।

मित्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

११.राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको अनुसुची ११ मा ब्यवस्था भए बमोजिम वजेट तथा कार्यक्रमलाई प्रथम प्राथमिकता प्राप्त (Priority1-P1) र दितीय प्राथमिकता प्राप्त (Priority2-P2) निर्धारण गर्ने।

१२.दीगो बिकास,वाताबरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने।

१३.नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट समय समयमा निर्देशन तथा परिपत्र भए अनुसार गर्ने।

१४.बिषयगत शाखा एवम् वडा कार्यालयहरुको हकमा चालु आर्थिक बर्षमा बिनियोजित बजेटलाई आगामी आर्थिक बर्षको लागि बजेट सीमा मात्र सकिनेछ।

१५.आ.व.२०८१/०८२ को लागी वडागत योजनाहरु छनोट गर्दा न्युनतम रु ५ लाख भन्दा माथीका योजनाहरु छनौट गर्नु पर्ने छ।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत